REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs

Date: 10.09.2024

---

*MOU*

सिक्किमको रचनात्मक अर्थव्यवस्थालाई सुदृढ़ बनाउने दिशामा एउटा महत्वपूर्ण पाइला चाल्दै राज्यको वाणिज्य तथा उद्योग विभागले अहमदाबादको प्रतिस्थित रास्ट्रिय डिजाइन संस्थान NID सित सम्झौता पत्रमा हस्ताक्षर छ।

विश्वब्याङ्क समर्थित सिक्किम Inspires को एउटा भाग यस सम्झौताको उदेश्य सम्पर्क विस्तार बजार पहुँचमा सुधार, कौशल विकासलाई वृध्दि र क्षएत्रमा नवोन्मेश रहेको छ।

यो साझोदारीले डिजाइन हस्तक्षेप, नव्नेन्मेश, सांस्कृतिक अभिण्यक्ति र आर्थिक विकासद्वारा राज्यको रचनात्मक अर्थव्यवस्था वृध्दि हुने बताइन्छ।

यस अवसरमा बोल्दै राज्यका वाणिज्य तथा उद्योग मन्त्री श्री छिरिङ थेण्डुप भुटियाले थाङका चित्रकारिता गलैता बुनाइ, काठ खोप्ने जस्ता पारम्परित कलाको रूपमा जानिने सिक्किमको धनी सांस्कृतिक धरोहरवारे प्रकाश पार्नुभयो।

मन्त्रीले बलियो सामाजिक र डिजिटल पूर्वाधारको आवश्यकतामाथि जोड़ दिनुभयो र भन्नुभयो यो रास्ट्रिय डिजाइन संस्थान सितको सम्झौता सिक्किमको रचनात्मक क्षेत्रको पूर्ण क्षमतालाई प्रयोगमा ल्याउने सरकारको प्रतिवध्दताको प्रमाण हो।

वाणिज्य सचिव श्री कर्मा आर बन्पोले 2023 सालमा केन्द्रीय मन्त्री श्री पीयूष गोयलका भ्रमणका बेला राज्यमा एनआईडी संस्थान स्थापना चर्चा गरिएको स्मरण गराउनुभयो र भन्नुभयो सम्झौता पत्रमा हस्ताक्षर सिक्किमका लागि महत्वपूर्ण माइलखुट्टी हो।

पछि आफ्नो वक्तव्यमा एन आई डी का निदेश श्री प्रवीण नहरले भन्नुभयो सिक्किममा डिजाइन आधारित पहललाई समन्वित गरेर स्थानीय प्रतिभा र संशाधनहरूको प्रयोगद्वारा जीवन अर्थव्यवस्थाकालागि प्रोत्साहित गर्नु संस्थानको उदेश्य रहेको छ।

उल्लेखनीय छ सिक्किम सरकार र एन आई डी अहमदावादवीचको तीन वर्षीय साझेदारीमा डिजाइन उद्यमिता कार्यक्रम हस्ताकला तथा हस्तशिल्प क्षेत्र र शैक्षिक सहयोगमाथि ध्यान दिइनेछ।

---

*CAP*

सिटिजन एक्शन पार्टी सिक्किमले शैक्षिक सत्त 2024 को बीचमा पाठशालाका  शिक्षकहरूको हालैको स्थान्तरणमाथि गहिरो चिन्ता व्यक्त गरेको छ।

आज जारी एउटा प्रेस विज्ञप्तीमा पार्टीले भनेको यस्तो निर्णयले शिक्षा प्रणालीमा वर्तमान सरकारको प्रतिवध्दतामाथी प्रश्न खड़ा भएको छ।

सिक्किम क्रान्तिकारी मोर्चा विपक्षमा रहँदा यसले शैक्षिक सत्तको मध्यतिर शिक्षकहरूको स्थानान्तरणमाथि विरोध गरेको कुरो बताउँदै सिटिजन एक्शन पार्टीले भनेको छ सत्तारूढ़ दलको रूपमा अहिले SKM ले पहिला आफुले आयोचना गरेको दृस्टिकोणनै अप्नाइरहेछ।

प्रेस विज्ञप्तीमा पार्टीले शिक्षकहरूको स्थानान्तरणलाई तुरन्तै फिर्ता लिने मांग गरेको छ र भनेको छ यस प्रकारका कार्यहरूले सुनौलो सिक्किम, समृध्द सिक्किमको सपना पूरा हुँदैन।

---

*Governor*

भारतीय रिजर्भ ब्याङ्कका क्षेत्रीय निदेशक श्री टोटंगम जमांगले आज आजभवनमा राज्यपाल श्री ओम प्रकाश माथुरसित शिस्टाचार भेट गर्नुभयो।

भेटघाटका बेला उहाँले राज्यपाललाई विभागका वर्तमान योजनाहरू र भावी कार्यक्रमहरूवारे विस्तृत रूपमा जानकारी दिनुभयो।

श्री माथुरले ब्याङ्कका क्षेत्रीय निदेशकलाई राज्यको विकासमा निरन्तर सहयोग गर्ने आश्वासन दिनुभएको छ।

यसैवीच सिक्किम मणिपाल विश्वविद्यालयका कुलपति डा. दिलीप चन्द्र अग्रवाल र सम्पर्क अधिकारी डा. सन्दीप कश्यपले पनि आज राज्यपालसित भेट गरी पाँच माईल तादोङ र माजिटरमा अवस्थित विश्वविद्यालयका क्याम्पसहरूका पढ़ाइनै शैक्षिक पाठ्यक्रमवारे अवगत गराउनुभयो।
भेटङाटकै अवधिमा उहाँहरूले श्री माथुरलाई विश्वविद्यालयको आगामी दीक्षान्त समारोहका लागि निमन्त्रण पत्र दिनुभयो।

स्मरण रहोस् राज्यपाल, सिक्किम मणिपाल विश्वविद्यालयका कुलाधिपति हुनुहुन्छ।

---

*World Suicide Prevention*

आज विश्व आत्महत्या रोकथाम दिवस हो प्रत्येक वर्ष दस सितम्वरमा मनाइने विश्व आत्महत्या रोकथाम दिवसको उद्देश्य आत्महत्याको रोकथामवारे जागरूकता ल्याउनु रहेको छ।

यस अवसरमा आज मानसिक स्वास्थ्य सम्वन्धमा विभिन्न कार्यक्रमहरू आयोजित भए।

यसैवीच सिक्किम Inspires कार्यक्रम अन्तर्गत स्वास्थ्य तथा परिवार कल्याण विभागले मानसिक स्वास्थ्य कानुन तथा नीति केन्द्रसित मिलेर युवा मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाममाथि तीन दिवसीय बहु हितधारक परामर्श कार्यक्रम आयोजन गरिरहेछ।

हिजो आयोजित उद्धाटन समारोहलाई मुख्य अतिथीको रूपमा सम्वोधन गर्दै पर्यटन मन्त्री श्री छिरिङ थोण्डुप भुटियाले सिक्किममा मानसिक स्वास्थ्यवारे सचेतना ल्याउनका लागि सरकारी विभाग, नागरिक समाज र समुगायका सगस्याहरू उत्तरजायी र प्रतिवध्द रहनुपर्ने आवश्यकमाथि जोड़ दिनुभयो।

परामर्श कार्यक्रममा आज नागरिक समाज सदस्यहरू गैर सरकारी संगठन, युवा, शिक्षाविद र निजी पाठशालाहरूका विद्यार्थीहरू सहभागी बने।

यो कार्यक्रम भोलि समाप्त हुनेछ।

---